# दोर्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौथर, लमजुङ, गण्डकी प्रदेश

## नदीजन्य पदार्थको उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र सम्वन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७५/१०/०९)**

यस गाउँ कार्यपालिकाको मिति २०७५/०७/२९ गतेको निर्णय बमोजिम स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को (घ) ६ को व्यवस्था र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको च.नं.७३, मिति २०७५/५/१७ को पत्रानुसार यस गाउँपालिकाको गाउँसभाले तोकेको तपसिल बमोजिमका नदीहरुको घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ ( ढुङ्गा, गिट्टी, बालुवा, ग्रावेल आदि) गण्डकी प्रदेश सरकारले तोकेको दरमा विक्री गर्ने गरी देहाय बमोजिम छुट्टाछुट्टै ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुबाट शिलवन्दी बोलपत्र आव्हान गरिएको छ । ईच्छुक फर्म वा कम्पनीहरुबाट फर्म नविकरण भएको प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आ.व. २०७४/०७५ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र कार्यालय समयमा बोलपत्र फारम खरिद गर्न सकिनेछ र उपरोक्त बमोजिमका कागजात, कारवाही वा कालोसूचिमा नपरेको स्वघोषण, अख्तियारनामा सहित रितपूर्वकको शिलवन्दी बोलपत्र सूचना प्रकाशन भएको ३१ औं दिनको १२:०० वजे भित्र यस कार्यालयमा दर्ता गर्नु पर्नेछ र दर्ता हुन आएका बोलपत्रहरु सोही दिनको २:०० वजे यस गाउँ कार्यापालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सूचना सम्वन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.dordimun.gov.np मा समेत हेर्न सकिने र कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

<u>तपसिल</u>

| क.सं. | ठेक्का नं. | ठेक्काको विवरण | उत्खनन् स्थल | कूल उत्खनन् परिमाण ( क्यु.फिट) | न्यनतम ठेक्का रकम ( सेवा शुल्क र मू.अ.कर बाहेक) रु | न्युनतम धरौटी रकम रु | बोलपत्र फारम दस्तुर रु ( फिर्ता नहुने) |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/दोर्दी/०७५/०७६ | नदी जन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदि) उत्खनन्, संकलन तथा विक्रि वितरण | दोर्दी नदी क्षेत्र नं. १ (बियारेक घाट) | १९०६९.९२ | ७६२७९।०० | कवोल अंकको ५% | १०००।०० |
| २ | ०५/ दोर्दी/०७५/०७६ | | दोदी नदी क्षेत्र नं. २ (हिलेघाट) | ४२९०७।०० | १७१६२९।०० | | १०००।०० |
| ३ | ०६/ दोर्दी/०७५/०७६ | | दोदी क्षेत्र नं. ३ ( वन्सार पुल घाट) | २८५८०।४६ | ११४३२१।८४ | | १०००।०० |
| ४ | ०७/ दोर्दी/०७५/०७६ | | दोदी क्षेत्र नं. ४ (सेरा घाट) | ३३३७२।३६ | १३३४८९।४४ | | १०००।०० |
| ५ | ०८/ दोर्दी/०७५/०७६ | | छ्याङदी खोला क्षेत्र नं. १ (छियांग्दी घाट) | ६१९७७२४ | २४७९०८।०० | | १०००।०० |
| ६ | ०९/ दोर्दी/०७५/०७६ | | किसेदी खोला क्षेत्र नं. १ (अर्चल घाट) | १९०६९।९२ | ७६२७९।०० | | १०००।०० |
| ७ | १०/ दोर्दी/०७५/०७६ | | किसेदी क्षेत्र नं. २ (सिर्ओले घाट) | ४२९०७।०० | १७१६२९।०० | | १०००।०० |
| ८ | ११/ दोर्दी/०७५/०७६ | | किसेदी क्षेत्र नं. ३ ( जितौरे घाट) | १४३०२।४४ | ५७२०९।७६ | | १०००।०० |
| ९ | १२/ दोर्दी/०७५/०७६ | | मर्स्याङ्दी नदी क्षेत्र नं. १ ( मर्स्याङ्दी दोभान) | ५७०९७६० | २२८८३९०।४० | | १०००।०० |

प्रमुख प्रशासकीय अधिकृत